# सुसमाचार कथा पुस्तक

## एक





## यो मेरो सुसमाचार कथा पुस्तक एक हो

मेरो नाम ______________________________ हो

मेरो सुसमाचार कथा पुस्तक एक म पढ्न सक्छु

यी कथाहरू सृष्टिकर्ता परमेश्वरका पवित्र पुस्तकबाट लिएका हुन्।

यस कथा पुस्तकमा भएका सबै चित्रहरू भारतका आदिवासी बालकहरूले बनाएका हुन्।
सुसमाचार कथा पुस्तक एक । सर्वाधिकार 2016 । भारतमा मुद्रित।
जानकारीको निम्ति सम्पर्क गर्नुहोस्: WBTC India, P.O. Box 8478, Bangalore 560084.
Email: info@wbtcindia.com





सृष्टिकर्ता परमेश्वर.......................................... 2-9
सबैभन्दा शक्तिशाली.................................. 10-13
अन्धकारमा हराएकाहरू ............................. 14-24

# सृष्टिकर्ता परमेश्वर

म ताराहरू देख्न सक्छु।
ताराहरू गाइरहेका छन्।





म पशुहरू देख्न सक्छु।
पशुहरू गाइरहेका छन्।



म आत्माहरू देख्न सक्छु।
आत्माहरू गाइरहेका छन्।





पहिलो पुरुष र स्त्रीलाई
म देख्न सक्छु।

पहिलो पुरुष र स्त्री
गाइरहेका छन्।

सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु,

‘म तिमीलाई प्रेम गर्छु!’ मैले गाउन शुरू गरें।








सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु,

‘मेरो पूर्ण संसारको हेरचाह गर।’



सबथोकले गाइरहेका...गाइरहेका...
गाइरहेका म सुन्न सक्छु।







सबथोकले सृष्टिकर्ता परमेश्वरको
निम्ति गाइरहेका छन्।

सृष्टिकर्ता परमेश्वरले सबथोक
सृष्टि गर्नुभयो।

# सबैभन्दा शक्तिशाली

खराब आत्माले यसो भनिरहेको
म सुन्न सक्छु,

'म सृष्टिकर्ता परमेश्वर जस्तै हुनेछु।'







असल आत्माहरूले यसो भनिरहेका
म सुन्न सक्छु,

'सृष्टिकर्ता परमेश्वरको निम्ति गाओ।'



खराब र असल आत्माहरू लड़ाई
गरिरहेका म देख्न सक्छु।

असल आत्माहरूले जीतिरहेका छन्।







खराब आत्माहरू झरिरहेका...
झरिरहेका...झरिरहेका
म देख्न सक्छु।

‘सृष्टिकर्ता परमेश्वर सबैभन्दा
शक्तिशाली हुनुहुन्छ!’

# अन्धकारमा हराएकाहरू

पहिलो पुरुष र स्त्रीलाई
म देख्न सक्छु।

सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु
भएको म सुन्न सक्छु,

‘असल र खराबको रूखबाट
फल नखानू।’







पहिलो पुरुष र स्त्रीले सुनिरहेका
छैनन्...सुनिरहेका छैनन्...
सुनिरहेका छैनन्।

खराब आत्माले यसो भनिरहेको
म सुन्न सक्छु,

‘तिमी सृष्टिकर्ता परमेश्वर
जस्तै हुनेछौ।

असल र खराबको रूखबाट फल खाऊ।’







पहिलो स्त्रीले सुनीरहेकी...
सुनीरहेकी...सुनिरहेकी छिन्।

पहिलो स्त्रीले यसो भनिरहेकी
म सुन्न सक्छु,
'म सृष्टिकर्ता परमेश्वर जस्तै हुनेछु।
म असल र खराबको रूखबाट
फल खानेछु।'







पहिलो स्त्रीले खाइरहेकी...
खाइरहेकी...खाइरहेकी छिन्।

पहिलो पुरुषले यसो भनिरहेको
म सुन्न सक्छु,

‘म सृष्टिकर्ता परमेश्वर जस्तै हुनेछु।

म असल र खराबको रूखबाट
फल खानेछु।’







पहिलो पुरुषले खाइरहेका...
खाइरहेका...खाइरहेका छन्।

म  पहिलो पुरुष र स्त्रीलाई हेर्ने कोशिश गर्दछु।

पहिलो पुरुष र स्त्री लुकीरहेका छन्।








सृष्टिकर्ता परमेश्वरले यसो भनिरहनु भएको म सुन्न सक्छु,

‘म तिमीहरूलाई अझै पनि प्रेम गर्छु!’

‘म तिमीहरूलाई बचाउनेछु।
तिमीहरूले मलाई भेट्टाउनेछौ।’

सृष्टिकर्ता परमेश्वर आउँदै हुनुहुन्छ...

